# श्रमिक शान्ति क्याम्पस

च्यासल, ललितपुर-९

स्थापित: वि.सं २०६४

# बार्षिक प्रतिवेदन

## आर्थिक बर्ष २०७९/८०

क्याम्पस व्यवस्थापन समितिद्धारा

आ.ब २०७९/८० को बार्षिक प्रतिवेदन स्वीकृत

मिति २०८० मंसिर १३ गते

**रिर्पोट तयारी समूह**

१. ब्रज भूषण राय

२. राजन थापा

३. प्रतिभा शर्मा

४. रीता व्यन्जनकार

५. दुर्गानन्द चौधरी

# सामग्री तालिका

पृष्ठ

कार्यकारी साराशं IV

१. पृष्ठभूमि ३

२. शैक्षिक प्रगति ४

३. भौतिक प्रगति ७

४. वित्तिय प्रगति ९

५. सामाजिक प्रगति १०

६. मुद्दा र चुनौतिहरु १३

७. बार्षिक कार्य योजना र यस आर्थिक बर्षको बजेट १६

८. बार्षिक कार्य योजनाको प्रक्षेपण र यस लगतैका तीन आर्थिक बर्षको बजेट१७

# खण्ड क

## १. पृष्ठभूमि (Background)

श्रमिक शान्ति क्याम्पस विश्वविद्यालय अनुदान आयोग (युजिसि), स्थानिय व्यक्ति तथा संघ संस्था लगायत अन्य सहयोगदाताहरुबाट प्राप्त आर्थिक सहयोगबाट सञ्चालन हुँदै आएको छ । ललितपुर च्यासल टोलमा ६ रोपनी जग्गामा अवस्थित यस क्याम्पसको आफ्नै आधुनिक तीन तल्ले, भऱ्याङ तथा प्यासेजमा मार्बल बिच्छ्याइएको पक्की भवनमा चौबिस कोठा सहित निर्माण भएको छ । क्याम्पसको जग्गाको तीन तिर पक्कि पर्खालले घेरिएको छ भने दक्षिण पट्टि तारले घेरिएको छ । क्याम्पस परिसरमा साथै भवनको माथिल्लो तलामा विद्यार्थीका लागी शौचालय, व्यवस्थित पुस्तकालय, क्यान्टिन (खाजा घर) र शुद्ध पानीको व्यवस्था गरिएको छ । खेलकुदका लागि टेवल टेनिस बोर्ड, बास्केटबल कोर्ट र भलिबल कोर्ट, व्याडमिन्टन कोर्ट बनाइएको छ । यसका अलावा भित्र खेलिने खेलहरुको (लुडो, चेस, क्याराम बोर्ड आदि ) लागि समेत खेलकुद सामाग्रीहरुको व्यवस्था गरिएको छ ।त्यसै गरी समय सापेक्ष प्रबिधि मैत्री अध्ययन अध्यापन गर्न गराउन उच्च गतिको ईन्टरनेट सहितको आई. सि. टी. ल्याबको व्यवस्था गरिएको छ । साथै यहाँ अध्ययनरत विद्यार्थीहरुको बसाई सहज तवरले होस भन्ने हेतुले क्याम्पस हाता भित्र छात्रावासको समेत व्यवस्था मिलाउने प्रयास स्वरुप भवन निर्माण सम्पन्न हुने चरणमा छ । यसले् विद्यार्थीहरुलाई केहि हद सम्म तनाव मुक्त भई पढाईमा केन्द्रित गर्न टेवा मिल्ने छ भन्ने क्यामपसको ठम्याई छ ।

यस क्याम्पसलाई व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहमा वी.वी.एस. कार्यक्रममा संचालनका लागि वि.सं २०६४ मा र स्नातकोत्तर तहमा एम.बी.एस कार्यक्रम संचालनका लागि वि.सं २०७४ सालमा त्रिभुवन विश्व विद्यालयबाट स्वीकृति प्राप्त भएकोले उक्त कार्यक्रमहरु सफलताका साथ संचालन भइरहेको छ ।

**बिद्यार्थीको नियमित उपस्थितिलाई बृद्धि गरि शैक्षिक गुणस्तरमा टेवा पुऱ्याउनको लागि यस शैक्षिक सत्र बाट निम्न नियमहरु लागु गरिएको छ ।**

बिद्यार्थीको कक्षामा नियमित हाजिरी ८०%,९०%,१००% पुग्नेलाई गणना गरी उचित पुरस्कारको व्यवस्था गर्ने ।

- ८०% उपस्थित भएमा मासिक शूल्कमा २ महिना सम्मको शुल्क छुट दिने ।
- ९०% उपस्थित भएमा मासिक शूल्कमा ३ महिना सम्मको शुल्क छुट दिने ।

- हरेक ३-३ महिनामा हाजिर रजिस्टर मार्फत उपस्थितिको समिक्षा गरी १००% उपस्थित भएको पाइएमा मासिक शूल्कमा ३ महिनाको पूर्ण रुपमा छुट दिने ।
- बर्ष भरि १००% उपस्थित भएमा रु.१०,०००/- ( अक्षरेपि रु. दश हजार मात्र) को पुरस्कारको व्यवस्था गर्ने ।

**बिद्यार्थीलाई परिक्षामा अनिवार्य उपस्थिती गराउने सन्दर्भमा यस शैक्षिक सत्र बाट निम्न नियमहरु लागु गरिएको छ ।**

- जुनसुकै टर्मिनल परिक्षामा सबै बिषयमा पास हुने बिद्यार्थीलाई परिक्षा पश्चात प्रोत्साहन स्वरुप एउटा नोटबुक पुरस्कारको रुपमा प्रदान गर्ने ।
- एक शैक्षिक सत्रमा क्याम्पसले लिएका सम्पूर्ण परिक्षामा (तिनै वटा त्रैमासिक परिक्षा) उपस्थित भई परिक्षा दिनेलाई समेत उत्प्रेरणा स्वरुप २ महिनाको मासिक शूल्क छुट दिने ।
- क्याम्पसको एक शैक्षिक सत्रमा लिएको सबै आन्तरिक परिक्षामा उत्तिर्ण हुनेलाई आगामि एक शैक्षिक सत्रको मासिक शूल्कमा २ महिना छुट दिने ।
- विश्वबिद्यालयबाट सञ्चालित परिक्षामा सबै बिषयमा ५०%-५९% हासिल गर्ने विद्यार्थीलाई ६ महिनाको मासिक शूल्कमा छुट दिने ।
- त्रि. वि. वि. को परिक्षामा ६०% भन्दा बढि अंक हासिल गर्ने बिद्यार्थी लाई १००% नै मासिक शूल्कमा छुट दिई थप प्रोत्साहन प्रदान गर्ने ।
- माथि उल्लेखित सबै सुबिधाहरु ६०% अंक प्राप्त गर्ने बाहेकलाई दोहोरो सुबिधा दिईने छैन ।

स्थानीय, निम्न तथा मध्यम आय भएका, रोजगारीका लागि काठमाण्डौ उपत्यका आएका विद्यार्थीहरुका लागि न्यून शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उदेश्य बोकेको यस क्याम्पस विशुद्ध सामुदायिक र सेवामूलक संस्था हो । गरीब विपन्न समुदाय र विशेषतः शैक्षिक सामाजिक रुपले पिछडिएका जनजाति, महिला विद्यार्थीहरुको बाहुल्यता रहेको यस क्याम्पसमा पछिल्ला दिनहरुमा बढ्दो शैक्षिक र प्रशासनिक खर्च सञ्चालन आम्दानी भन्दा बढिरहेको छ । कोभिड १९ तथा त्यसका भेरिएन्ट बाट परेको असरले नियमित शैक्षिक क्यालेन्डरमा आएको अस्त व्यस्तता बिस्तारै सुधारोन्मुख चरणमा देखिन्छ ।

## २. शैक्षिक प्रगति (Academic Progress)

## A. Enrolment Trend Analysis of Last Three Years

## (Program-wise and Level-wise)

| Program | Year/ Semester | 2077/78 | | | 2078/79 | | | 2079/80 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| BBS | I | 45 | 30 | 26 | 44 | 30 | 31 | 62 | 36 | 35 |
| | II | 58 | 32 | 28 | 45 | 30 | 26 | 60 | 36 | 16 |
| | III | 69 | 43 | 47 | 58 | 32 | 28 | 22 | 12 | 15 |
| | IV | 44 | 26 | 28 | 69 | 43 | 47 | 45 | 30 | 19 |
| | **Total** | **216** | **131** | **129** | **216** | **135** | **132** | **189** | **114** | **85** |
| MBS | I | 21 | 14 | 13 | | | | | | |
| | II | | | | 21 | 14 | 12 | 19 | 12 | 8 |
| | III | 16 | 13 | 11 | | | | | | |
| | IV | | | | 20 | 13 | 12 | 21 | 13 | 12 |
| | **Total** | **37** | **27** | **24** | **41** | **27** | **24** | **40** | **25** | **20** |

Note: Admission in BBS First year is currently running

## B. Pass Rate Trend Analysis of the Last Three Years

## (Program-wise / Level-wise)

| Program | Year/ Semester | 2077/78 | | | 2078/79 | | | 2079/80 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| BBS | I | **15.38** | 11.42 | | **11.9** | 8.7 | 8.3 | Result not published Yet | | |
| | II | **13.63** | 11.76 | | | | | | | |
| | III | | | | | | | | | |
| | IV | **32** | 25 | | | | | **14** | 10 | 10 |
| | **Average** | **20.33** | **16.06** | | **11.9** | 8.7 | 8.3 | **43.75** | | |
| | I | 20 | 33.33 | 33.33 | | | | | | |
| MBS | II | | | | | | | **10** | 5 | 4 |
| | III | 93.75 | 80 | 46.7 | | | | | | |
| | IV | | | | | | | **4** | 4 | 2 |
| | **Average** | **56.88** | **56.67** | **40.01** | **32.3** | **63.45** | **72.3** | **25.5** | | |

## C. Graduate Trend Analysis of the Last Three Years

### (Program-wise/ Level-wise)

| Program | 2076/77 | | | 2077/78 | | | 2078/79 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| **BBS** | 11 | 9 | | 8 | 3 | | 14 | 10 | 10 |
| **MBS** | - | - | - | - | - | - | 4 | 4 | 2 |

नोटः एम.बी.एस तहका विद्यार्थीहरु थेसिस लेखनको क्रममा रहेकोले उपाधि प्राप्त गर्नेछन् ।

## घ) कार्यक्रमहरु (Programs)

यस क्याम्पसमा वि.सं २०६४ साल भदौ ३० गतेका दिन त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन संकायको स्नातक तहमा बी.बी.एस कार्यक्रमका लागि सम्बन्धन प्राप्त भई त्यसै साल देखी नै अध्यापन शुरु भएको थियो । त्यसै गरि वि.सं २०७४ साल माघ २६ गते विश्वविद्यालयबाट व्यवस्थापन संकाय तर्फ स्नातकोत्तर तह, एम.वी.एस कार्यक्रम (सेमेष्टर प्रणाली) संचालन गर्न स्वीकृत पश्चात २०७५ साल देखी उक्त तहको कार्यक्रम समेत अध्ययन अध्यापन भइरहेको छ ।

| Programs | Affiliating University | Affiliation Date | Operation Year |
|---|---|---|---|
| B.B.S. | Tribhuvan University | 2064-05-30 | 2064 BS |
| M.B.S. | Tribhuvan University | 2074-10-26 | 2075 BS |

## ङ) शैक्षिक अध्यापन (Educational Pedagogy)

स्थापनाकाल देखी नै यस क्याम्पसले लेक्चर विधि, सामुहिक छलफल विधि, अन्तरक्रिया विधि आदिलाई शिक्षण सिकाईको मूल विधिको रुपमा अगाँल्दै आएकोमा क्रमशः ती विधिहरुलाई स्तरीकृत गर्ने उद्धेश्यले दैनिक पाठ्ययोजनामा आवश्यक शिक्षण सामाग्रीको निर्माण र प्रयोग शिक्षण सिकाईमा प्रविधि र ईन्टरनेट जडित कक्षामा प्राध्यापक विद्यार्थीहरुको सहज पहुँच र उपलब्धता, पुस्तकालय र अध्ययन कक्षको व्यवस्थापन आदी शिक्षण पद्धतिको सुधारका लागि चालिएका कदमहरु हुन । त्यसका अतिरिक्त विषयगत तालिम, कार्यशाला गोष्ठी परियोजना कार्यविधि केन्द्रित समूह छलफल, कार्य केन्द्रित विधि, सूचना प्रविधिको प्रयोगमा रहेका शैक्षिक विधिहरुलाई अझ बैज्ञानिक र परिष्कृत गर्ने र संगसंगै विषयगत प्राविधिक सम्मेलन

गोष्ठी, लेक्चर तथा अन्य आधुनिक शिक्षण सिकाईका विधिहरुलाई अबलम्बन गर्दै लैजाने अल्पकालीन र दिर्घकालीन योजनाका साथ क्याम्पस अगाडि बढीरहेको छ । यसका अलावा विद्यार्थीका लागि शैक्षिक भ्रमण, अन्य क्याम्पसहरु विविध शैक्षिक ज्ञानका कुराहरुको आदानप्रदान गर्न त्यसता क्याम्पससंग सहकार्य गरि विविध कार्यक्रमहरु समेत तय गरि अगाडी बढ्ने छ ।

## ३. भौतिक प्रगति (Physical Progress)

### क) पूर्वाधार विकास (Infrastructure Development)

- स्थापनाको तीन बर्ष पश्चात वि.सं २०६७ मा भवन निर्माण कार्य शुरु भई चौथो बर्ष देखी नै च्यासल, शखमूल स्थित ६ रोपनी जग्गामा बनेको आफ्नै भवनमा स्थानान्तरण भई पठनपाठन शुरु भएको हो ।
- वि.स. २०७५ साल सम्ममा तीन तल्ले भवनमा जम्मा २४ कोठाका साथ भवन निर्माण सम्पन्न भएको छ ।
- आ.व. २०६८/६९ मा भौतिक निर्माणका लागि विश्वविद्यालय अनुदान आयोग सानोठिमि, भक्तपुरबाट रु. ३७,५०,०००/- (अक्षरेपी सैतीस लाख पचास हजार मात्र) प्राप्त भएको थियो ।
- क्याम्पसको आफ्नै स्रोत, शिक्षा विकास निर्देशनालय, बाग्मति प्रदेश तथा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त फर्निचर व्यवस्थापन अनुदान मार्फत कक्षा कोठाको लागि न्युनतम आवश्यक फर्निचर व्यवस्थापन गरिएको ।
- कम्प्यूटर तथा फर्निचर सहितको कम्प्यूटर प्रयोगशाला तथा दैनिक पत्र-पत्रिका सहितको  पुस्तकालय कक्षको व्यवस्था भएको ।
- लेखा, प्रशासन कार्यालय तथा प्राध्यापक कक्षमा आवश्यक फर्निचर, कम्प्यूटर तथा अन्य उपकरण सहितको व्यवस्था भएको ।
- छात्र-छात्राको लागि क्याम्पस हाता भित्र तथा क्याम्पस भवनको माथिल्लो तलामा छुट्टा छुट्टै आधुनिक शौचालयको  व्यवस्था भएको ।
- क्याम्पस हाता भित्रै बास्केट बल कोर्ट, टेबल टेनिस बोर्ड, भलिबल तथा ब्याटमिन्टन खेल्नका लागि उचित खेल मैदानको व्यवस्था भएको ।

- अध्ययनरत विद्यार्थीहरुका लागि छात्राबासको भवन सिलन्यास भई निर्माण सम्पन्न भैसकेको र कार्यान्वयनमा ल्याउने बिषयमा काम भैरहेको अवस्थामा छ ।
- कक्षा कोठा लगायत प्यासेज र खेल मैदान निगरानीका लागि सिसि टिभिको व्यवस्था भएको छ ।
- पानी भण्डारणका लागि करिब तीस हजार लिटर क्षमताको ट्याकी निर्माणका लागि कार्य अगाडी बढि सकेको ।
- क्याम्पस भवनको माथिल्लो तलामा सभा, सेमिनार, सन्चालनको उद्देश्यले ट्रस निर्माण गरिएको छ ।
- क्याम्पस हाता भित्र सुन्दर बगैंचा निर्णाण गरिएको छ ।

## ख) शैक्षिक सहयोग (Educational Aids)

### १) शैक्षिक उपकरण (EducationalEquipment)

कम्प्यूटर सहितको ल्याब विद्यार्थीहरुको लागि प्रयोगमा ल्याईएको तथा प्रोजेक्टरको माध्यमबाट पठन-पाठनको व्यवस्था भएकोछ । जसमा प्रोजेक्टर चार थान, कम्प्यूटर चौध थान, प्रिन्टर एक थान फोटोकपी मेसिन एक थान उपलब्ध रहेको छ। त्यसतै कक्षाकोठा तथा अन्य ठाँउको निगरानीका लागि आठ वटा सिसिटिभी क्यामरा समेतको व्यवस्था गरिएको छ ।

### २) किताब/जनरल/विविध सामाग्री (Books/Journals/Reference Materials)

क्याम्पसका पुस्तकालयमा करीब ८,१०० पुस्तक जर्नल ४५० तथा अन्य सामाग्री र पत्र-पत्रिका दैनिक उपलब्ध रहेका छन् । हरेक विद्यार्थीलाई सम्बन्धित तहमा पढाइने सबै विषयका सम्पूर्ण पुस्तकहरु प्रत्येक तहको अध्ययन पश्चात फिर्ता गर्ने गरि केहि धरौटीमा रकमका साथ पुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । कोर्ष पुस्तक बाहेकका सर्न्दभ पुस्तकहरु पनि पुस्तकालयमा उपलब्ध छन् ।

विद्यार्थीले आवश्यकता अनुसार त्यस्ता पुस्तकहरु पुस्तकालय कार्ड बनाई निश्चित समयका लागि घर लाने वा पुस्तकालयको अध्ययन कक्षमा शान्त वातावरणमा बसेर अध्ययन गर्न सक्नेछन् ।

### ३) फर्निचर (Furniture)

क्याम्पसको आफ्नै स्रोत, शिक्षा विकास निर्देशनालय, बाग्मति प्रदेश र विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान सहयोगको समेत प्रयोग गरी कक्षा कोठामा आवश्यक डेस्क बेन्च, सेतो बोर्ड, लाइब्रेरी र्‍याक, कम्प्यूटर टेबल, कम्प्यूटर मेच, अफिस टेबल आदिको व्यवस्था गरिएको छ । बिद्यार्थीको सुबिधाको लागि सिंगल सिट कुर्सि र दुई जनाको लागि एक डेस्क सहितको फर्निचरको व्यवस्था गरिएको छ ।

## ४. वित्तीय प्रगति (Financial Progress)

### क) वित्तिय स्रोतको विश्लेषण/पछिल्लो तीन बर्षको आय विवरण(Analysis of Financial Resources/ Income of the Last Three Years)

| **Particulars / Fiscal Year** | **2077–78** | **2078–79** | **2079–80** |
|---|---|---|---|
| Income | | | |
| Self-generate | 1054374.66 | 1373555.56 | 1322525 |
| Student fees | 1462040 | 2764020 | 2498169 |
| Grant from govt. sources | 5602942 | 240000 | 2469081 |
| Grant from UGC<br>• Regular<br>• Books<br>• Training & Capacity Developmet Program | 770800<br>500000 | 1088500<br>- | 1195000<br>250000<br>125000 |
| Other | 225025 | 346010 | 762632.45 |
| **Total** | **9615181.66** | **7626075.56** | **8622407.45** |

### ख) पछिल्लो तीन बर्षको खर्च विश्लेषण (Expenditure Analysis of the Last Three Years)

| Particulars / Fiscal Year | 2077–78 | 2078–79 | 2079–80 |
| --- | --- | --- | --- |
| Recurrent Expenditure | | | |
| • Salary | 1914229 | 4508410 | 3744315 |
| • Other Expenses | 102932 | 129461 | 216895 |
| Capital Expenditure | | | |
| • Major Infrastructure Dev. | 4078713.2 | 3040345.77 | 4960162.06 |
| • Minor Infrastructure Dev. | 9763 | 15450 | 23335 |
| Equipment | 1126050 | 586473.14 | 248670 |
| Books | 7586 | 39093.22 | 26411 |
| Other | 4888551.53 | 2102733.21 | 1114226.31 |
| **Total** | **12127824.73** | **10421966.34** | **10334014.87** |

## ५. सामाजिक प्रगति (Social Progress)

### क) सामाजिक कार्यमा क्याम्पसको सहभागिता (Campus's Involvements in Social Activities)

यस क्याम्पसले सामाजिक उतरदायित्वलाई आफ्नो प्रमुख र महत्वपूर्ण उद्धेश्य पूर्तिका लागि निरन्तर अगाडि बढिरहेको छाग्रामीण क्षेत्रमा न्युनतम आम्दानी भएका परिवारका विद्यार्थीहरुलाई विश्वविद्यालय स्तरको उच्च शिक्षाको पहुँच विस्तार गर्न बहुसंख्यक महिला, गरीब, दलित, जनजाति, अपांग विद्यार्थीहरुलाई न्यून शुल्कमा सेवाभावले प्रेरित भै आवश्यकतानुसार सहयोगदाताहरु संगको सहकार्यमा विभिन्न स्रोतबाट छात्रवृति समेतको व्यवस्था गरी स्नातक तह एवम स्नातकोत्तर तहको अध्ययन अध्यापन गर्ने वातावरण उपलब्ध गराउन आफैमा एउटा महत्वपूर्ण सामाजिक कार्य हो भन्न सकिन्छ । त्यसका अतिरिक्त रोजगारीको सृजना, सामाजिक व्यक्ति तथा संस्थाहरुसँगको सम्बन्ध विस्तार, दैवी विपत्ति तथा प्राकृतिक प्रकोपबाट पीडितलाई यथा संम्भव राहतका कार्यक्रम सञ्चालन गर्ने तथा सरिक हुने समेत गरिएकोले यस क्याम्पस पूर्णत सामाजिक सेवाभावले प्रेरित भै निरन्तर सामाजिक उतरदायित्व बहन गर्न क्रियाशील छ भन्न सकिन्छ । सञ्चालन

आम्दानी भन्दा सञ्चालन खर्च बढी हुदाँसमेत अभिभावक, सहयोगदाता व्यक्ति संघसंस्थाको निरन्तर सकारात्मक सहयोग र हौसलाका कारणयस संस्था निरन्तर आफ्नो उद्धेश्य प्राप्तिमा लागिरहेको छ ।

## ख) क्याम्पस प्रति समाजको योग्दान (Society's Contribution for Campus)

- विभिन्न शिक्षाप्रेमी व्यक्तिहरुका तर्फबाट आर्थिक एवम अन्य सहयोग प्राप्त
- भवनको निर्माणका लागि थुप्रै ब्यक्ति ब्यक्तित्वबाट आर्थिव एवम जिन्सि जस्तै काठ, ईटा, बालुवा, सिमेन्ट, रङ्गरोगन, झ्याल, चौकोस सहयोग प्राप्त
- भवन निमार्णका लागि विभिन्न व्यक्तिबाट श्रमदान दिई सहयोग प्राप्त
- विभिन्न समयमा क्याम्पसको हितको पक्षमा विविध किसिमका सरसल्लाह निरन्तर प्राप्त

माथि उल्लेखित योगदानहरुबाट पुष्टि हन्छ की समुदायको क्याम्पस प्रतिको योगदान असाध्यै उल्लेखनीय रहेको छ । क्याम्पस स्थापना देखि संचालनका क्रममा समुदायको एकदमै सकारात्मक र सहयोगी भुमिकाको जति उल्लेख गरे पनि कमै हुने महसुस गर्दै हरबखत क्याम्पसले आभार प्रकट गर्न चान्हछ ।

## ग) समाजप्रति क्याम्पसको योग्दानको योजना (Plan for Campus's Contribution to Society)

- क्याम्पसले गरिब तर जेहेन्दार विद्यार्थीहरुको लागी छात्रवृति रकमको व्यवस्थापन क्रमशः गर्दै जाने र यथा सम्भव निःशुल्क उच्च शिक्षा प्रदान गर्ने ।
- अध्ययनरत विद्याथीहरुका लागि छात्रावासको व्यवस्था गर्ने ।
- लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा अन्य निकायहरुमा रोजगारीको लागि समय समयमा विषय विज्ञहरुको परामर्शको लागी तयारी कक्षाहरुको व्यवस्था मिलाउने ।
- समाजमा युवा उद्यमीको खाचोलाई महसुस गर्दै अध्ययन पश्चात उद्यमीका लागि परामर्श, तालिम तथा लगानीको स्रोतका लागि आवश्यक व्यवस्था मिलाउन पुलको काम गर्ने ।

- समुदायको शिक्षा प्रतिको रुचिलाई अभिबृद्धि गर्न समयसमयमा घरदैलो सेमिनार, गोष्ठी, अन्तरक्रियात्मक कार्यकम, शैक्षिक भ्रमण लगायत अन्य विविध कार्यक्रमहरु संचालन गर्ने ।
- अभिभावक तथा विद्यार्थीहरुलाई विश्वविद्यालय स्तरको शिक्षाको महत्वलाई उजागर गर्दै विद्यालय तथा माथिल्लो स्तरको अध्ययन प्रतिको अन्धविश्वास रुढीवादी परम्परालाई क्रमशः न्यूनिकरण गर्ने अभियानहरुमा जोड दिई संचालन गर्ने ।
- समाज र  स्थानियसमुदाय प्रतिको  क्याम्पसको दायीत्वलाई आत्मसाथ गर्दै समय समयमा स्थानिय चाडपर्वको अवसर पारेर प्राथमिक स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आईरहेको र आगामि दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता रहेको छ ।
- वातावरण संरक्षणलाई क्याम्पसको उच्च दायित्वको रुपमा मनन गरि क्याम्पस हाता भित्र तथा क्याम्पस हाता वरपरको क्षेत्रमा प्रति बर्ष वृक्षारोपण गर्ने साथै बिरुवाहरुको संरक्षणको लागि तार जालि गर्ने ।
- स्वास्थ्य क्षेत्र प्रतिको योगदानको लागि नेपाल रेडक्रस सोसायिटी संगको संयोजकत्वमा समय समयमा रक्तदान कार्यक्रम संचालन गर्दै आईरहेको र उक्त कार्यक्रम लाई निरन्तरता दिने ।

## घ) क्याम्पसमा समाजको बढ्दो संलग्नताबारे योजना (Plan for Increased Involvement of Society in the Campus)

- सहयोगदाताहरु सँगको संर्पक र सम्मानलाई निरन्तरता दिने।
- निर्वाचित जनप्रतिनिधिहरुसँग निरन्तर सम्पर्क र समन्वय गरि क्याम्पस संचालनका लागि आवश्यक सल्लाह सुझाव र सहयोग प्राप्त गर्ने ।
- देश विदेशमा विभिन्न संघ सस्था र पेशा  व्यवसायमा आवद्ध विभिन्न व्यक्ति र सरकारी गैह्र सरकारी संघसस्थासंग समय समयमा सम्पर्क, अन्तरक्रिया र समन्वय गर्दै क्याम्पसको आर्थिक शैक्षिक भौतिक पक्षलाई सुदृढ गर्ने योजना बनाईएको छ।

## ६. मुद्दाहरु र चुनौतीहरु (Issues and Challenges)

### क) छोटो अवधि(Short Term)

- विद्यार्थी संख्या कम हुँदै जानु
- महिला, दलित तथा न्यून आय भएका विद्यार्थीहरुको बाहुल्यता
- अध्ययनको बिचमा क्याम्पस छोड्ने प्रवृति बढ्दो
- विद्यार्थीको चाहना अनुरुपको विषय दिन नसकिएको
- संचालन आम्दानी भन्दा संचालन खर्च बढी
- नियमित तथा भरपर्दो आम्दानीको स्रोतमा कमी
- अस्वस्थ बजार प्रतिस्पर्धा

### ख) लामो अवधि (Long Term)

- समय अनुकुल संकाय र विषय थप/परिवर्तन गर्न नसके विद्यार्थी अझै घट्ने सम्भावना
- लगानी र स्रोत परिचालन सम्बन्धमा कानूनी जटिलताका कारण दिगो आम्दानीका स्रोत खोज्न समस्या ।
- कर्मचारी एवम् प्राध्यापकलाई नेपाल सरकारले तोकेको नियमानुसार तलब, भत्ता र सेवा सुविधा उपलब्ध गराउन नसक्दा क्षमतावान प्राध्यापक, कर्मचारी टिकाउन तथा थप गर्न नसकिएको ।
- विद्यार्थीहरुलाई आफ्नो रोजगारिका कारण अध्ययन तथा परीक्षामा सामेल हुन कठिनाई
- हालको परिवेशमा प्राविधिक तथा प्रयोगात्मक विषयहरु तर्फ अगाडि बढेकाले विद्यमान संकाय तथा विषय प्रति विद्यार्थीहरुको रुची कम हुँदै जानु ।

### ग) मुद्दाहरु तथा चुनौतीहरु कम गर्न चालिएका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

#### क) छोटो अवधि (Short Term)

- उपरोक्त समस्याहरुलाई समाधान गर्न क्याम्पसले निम्नानुसारका अल्पकालीन र दीर्घकालीन योजना बनाई परिस्थिति अनुसार अगाडि बढ्ने कुरामा दृढछ।
- विद्यार्थी संख्या बढाउन घरदैलो र व्यापक प्रचारप्रसार गर्ने ।
- गुणस्तरीय शिक्षामा जोड दिने ।

- शिक्षण सिकाई क्रियाकलापमा नयाँ नयाँ पद्धति र प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा अन्य रोजगारीका अवसरहरुको लागि विषय विज्ञको व्यवस्था गरी तयारी कक्षाहरु संचालन गर्ने ।
- न्यून आय भएका जेहेन्दार छात्रबृतिको लागि अनुदान आयोग र अन्यदाताहरुको खोजी गर्ने ।
- नियमित आम्दानीका लागि दिगो स्रोतको खोजी गर्ने ।
- समयानुसार विद्यार्थी तथा प्राध्यापकहरुका लागि शैक्षिक भ्रमण, तालिम, सेमिनार, गोष्ठी आदी संचालन गर्ने ।
- महिनामा एक पटक Guest Lecture को व्यबस्था गर्ने ।
- क्याम्पसले महिनामा कम्तीमा ४ देखि ६ पिरिएड कम्प्युटर वा प्राबिधिक शिक्षा संचालन गर्ने ।
- सकेसम्म महिनाको एक दिन लोकसेवा आयोगको तयारीसँग सम्बन्धित कक्षा संचालन गर्ने ।
- क्याम्पसको माथिल्लो तलामा बहुउद्देश्यिय (Multipurpose) हलको निर्माण गर्ने ।

## ख) लामो अवधि (Long Term)

- विद्यार्थीको चाहना बमोजिम समय सापेक्ष नयाँ प्राविधिक विषयहरु थप्दै जाने ।
- अध्ययनरत विद्यार्थीहरुका लागि छात्रावासको निर्माण र व्यवस्थापन गर्ने ।
- विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, महानगरपालिका, वडा तथा अन्य संघ संस्थासंग समन्वय गरी थप नयाँ नयाँ कार्यक्रमहरु संचालन गर्ने ।
- बिद्यार्थीहरु लाई कक्षामा उपस्थिति तथा अध्ययन प्रति उत्प्रेरणा जगाउनको लागि  छात्रवृत्ति योजना, पुरस्कार तथा प्रोत्साहन सम्बन्धि निति व्यवस्थापन समिति बाट पारित गरि कार्यान्वयन प्रक्रिया गरिदै ।
- बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि क्याम्पसका प्राध्यापक तथा कर्मचारी हरुको लागि समय समयमा  क्षमता अभिबृद्धिमूलक तालिम संचालन गर्ने ।

- बिभिन्न संघ संस्थाहरु संग समन्वय शिपमूलक तालिम, कम्प्युटर तालिम, लोक सेवा आयोग तयारी कक्षा सन्चालन गरि बिद्यार्थीहरुको शिप बिकासमा सहयोग पुर्‍याउने ।
- उर्जा व्यवस्थापनको दिर्घकालिन समाधानको उद्देश्य राखि ग्यास प्लान्टको निर्माण गर्ने ।

## ७. बार्षिक कार्य योजना र यस आर्थिक बर्षको बजेट (Annual Work Plan and Budget of the Current Fiscal Year (as per Strategic Plan)

**Table: Budget of the Fiscal Year 2081-82**

| Income | Amount | Expenditure | Amount |
|---|---|---|---|
| Self-generate | 80000 | Salary | 2900000 |
| Student Fees | 1150000 | Other | 380000 |
| Grant from Govt. Sources | 6000000 | Major Infrastructure | 5500000 |
| Grant from UGC | | Minor Infrastructure | 100000 |
| • Regular | 800000 | Equipment | 500000 |
| • Infrastructure dev/Other | 500000 | Books | 50000 |
| Other<br>Rent/Electricity<br>UMES | 100000<br>200000 | Loss | 120000 |
| **Total** | **9550000** | **Total** | **9550000** |

## ८. बार्षिक कार्य योजनाको प्रक्षेपण र यस लगतैका तीन आर्थिक बर्षको बजेट (Projected Annual Work Plan and Budget of the Three Fiscal Years Following the Current Fiscal Year (As per the Strategic Plan)

**Table: Budget of the Three Fiscal Year 2077-78 to 2079-80**

| Particulars | 2081-82 | 2082-83 | 2083-84 |
|---|---|---|---|
| **INCOME** | | | |
| Self-Generate | 1800000 | 1900000 | 2000000 |
| Student Fees | 2500000 | 2600000 | 2700000 |
| Grant from Govt. Sources | 2800000 | 3000000 | 3200000 |
| Grant from UGC | | | |
| • Regular | 1200000 | 1300000 | 1500000 |
| • Infrastructure Development | 900000 | 500000 | 500000 |
| Other | 500000 | 600000 | 800000 |
| **Total** | **9700000** | **9900000** | **10700000** |
| | | | |
| **EXPENDITURE** | | | |
| Capital Expenditure | | | |
| Salary | 3200000 | 3300000 | 3500000 |
| • Major Infrastructure | 3100000 | 3200000 | 3250000 |
| • Minor Infrastructure | 2200000 | 230000 | 2500000 |
| Equipment | 310000 | 400000 | 550000 |
| Books | 620000 | 750000 | 1000000 |
| Others | 725000 | 800000 | 850000 |
| **Total** | **9597000** | **8680000** | **11650000** |
| Surplus/deficit | +103000 | +1220000 | - 950000 |